# मोलुङ गाउँपालिका

## विनियोजन ऐन, २०७६

**मोलुङ गाउँपालिका**

**प्राप्चा, ओखलढुंगा**

**१ नं. प्रदेश, नेपाल**

# मोलुङ गाउँपालिकाको विनियोजन ऐन,२०७६

**मोलुङ गाउंपालिकाको आर्थिक बर्ष ०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन ।**

**गाउँ सभाबाट स्वीकृत भएको मिति :२०७६/०३/२५ गते**

**प्रस्तावनाः**

मोलुङ गाउँपालिकाको आर्थिक बर्ष ०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनिययोजन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप- धारा (२) बमोजिम मोलुङ गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** यो ऐनको नाम "मोलुङ गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

**२.आर्थिक बर्ष ०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** :(१) आर्थिक बर्ष ०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित संघिय सरकारबाट प्राप्त वित्तिय समानिकरण ७ करोड ६६ लाख, राजस्व बाँडफाँड तर्फको ५ करोड ९७ लाख,संघिय सर्शत अनुदान १५ करोड ७९ लाख, प्रदेश सरकारवाट प्राप्त वितिय समानिकरण तफ ६९ लाख ८६ हजार , प्रदेश सवारी साधन कर वापत प्राप्त रु ३० लाख ११ हजार अनुदान र आन्तरिक श्रोततर्फ १५ लाख गरी जम्मा रु.३०,५६,९७,००० (अक्षेरुपी .तीस करोड छपन्न लाख सन्तानब्बे हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३.विनियोजनः** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७६।०७७ को निमित्त मोलुङ गाउँपालिकाको गाउँकार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपूग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपूग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**प्रमाणित गर्ने :**
**मणिराज राई**
**अध्यक्ष**
**प्रमाणित मिति :२०७६/०३/२६**

**अनुसूची १**

**(दफा २ सँग सम्वन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

**रकम रु.**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | शर्शत अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | | ७ |
| १ | | गाउँ कार्यपालिका तथा विविध विषयगत शाखा समेत | 4,56,20,000 | 6,70,47,000 | | | 11,26,67,000 |
| २ | | वडा कार्यालयहरु | 75,80,000 | 2,75,50,000 | | | 3,51,30,000 |
| ३ | | ऋणको सावाँ व्याज भूक्तानी | 0 | 0 | | | |
| ४ | | लगानी -शेयर/ ऋृण | 0 | 0 | | | |
| ५ | | शशर्त अनुदान | | | | 15,79,00,000 | 15,79,00,000 |
| **जम्मा रु.** | | | 5,32,00000 | 9,45,47,000 | | 15,79,00,000 | 30,56,97,000 |

प्रमाणित गर्ने :
मणिराज राई
अध्यक्ष
प्रमाणित मिति :२०७६/०३/२६